# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०६।२५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

कपिलवस्तु जिल्ला यशोधरा गाउँपालिका वडा नं. ४ का वडा सचिव अयोध्या विश्वकर्माले नेपाली नागरिकताको प्रमाण-पत्र बनाउने सिलसिलामा सिफारिस गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निजलाई रु. ७,०००/- (सात हजार) घुस रकम लिइ अर्का कृषि प्रविधिक बृजस चाईलाई राख्न दिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. ७,०००/- (सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै कृषि प्राविधिक बृजश चाईले समेत वडा सचिव अयोध्या विश्वकर्माले सेवाग्राहीसँग घुस रिसवत रकम लिएको देखिदेखि उक्त घुस रिसवत वापतको रकम राख्न मन्जुर गरी आफैले लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजलाई बिगो रु. ७,०००/- (सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता